मन्त्रालयबाट स्वीकृत मितिः २०८२।०१।०३

# द्वन्द्वमा अङ्ग गुमाएका व्यक्तिहरुलाई कृतिम अङ्ग सहायता तथा लाभग्राही छनौट सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः** लोकतन्त्रको लागि विभिन्न समयमा भएका सशस्त्र द्वन्द्व तथा सङ्घर्षमा परी शरीरको अङ्ग गुमाउन पुगेका पीडित घाइते तथा अपाङ्गता भएका व्यक्तिलाई परिपुरणको उद्देश्यले कृतिम अङ्ग प्रदान गरी लाभग्राही छनौट र सहायता प्रकृयालाई निष्पक्ष, विधिसम्मत, पारदर्शी र प्रभावकारी बनाउँदै सहायता प्रकृयालाई एकीकृत र व्यवस्थित गरी मन्त्रालयमा बिनियोजित बजेटको प्रभावकारी कार्यान्वयन गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "द्वन्द्वमा अङ्ग गुमाएका व्यक्तिहरुलाई कृतिम अङ्ग सहायता तथा लाभग्राही छनौट मापदण्ड २०८२" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयले स्वीकृत गरेको मितिदेखि बागमती प्रदेशमा लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "सहायता" भन्नाले द्धन्द्ध पीडित सहायता कार्यक्रम शीर्षकमा बिनियोजित बजेटको रकम सीमाभित्र रही मन्त्रालयले मापदण्डमा तोकिए बमोजिम योग्य आवेदकलाई जीवनयापनमा सहयोग हुने गरी कृतिम अङ्ग सहयोग गर्ने कार्यलाई सम्झनु पर्छ।

(ख) "आवेदक" भन्नाले द्वन्द्व पीडित व्यक्ति वा निजको एकाघरको परिवारका सदस्य भनी स्थानीय तहबाट सिफारिस प्राप्त व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(घ) "कृतिम अङ्ग" भन्नाले मानव शरीरमा संयोजन गर्न मिल्ने, आवश्यकता अनुसार मानव शरीरमा राख्न वा निकाल्न मिल्ने, मानव शरीरलाई स्वचालित बनाउन सहायता पुऱ्याउने मानव निर्मित अङ्ग, यन्त्र, औजार वा अन्य यस्तै सामग्री सम्झनु पर्छ।

(ङ) "संस्था" भन्नाले द्वन्द्व पीडित व्यक्ति वा समूहले प्रचलित कानूनबमोजिम दर्ता गरी सञ्चालन गरेको संस्था सम्झनु पर्छ।

३. **लाभग्राहीको पहिचान तथा छनौटका आधारः** कृतिम अङ्ग प्रदान गर्ने कार्यका लागि लाभग्राहीको पहिचान तथा प्राथमिकताको आधारहरु देहाय बमोजिम हुनेछः-

(क) सम्बन्धित जिल्ला प्रशासनमा द्वन्द्व पिडितको सूचीमा रहेका,

(ख) आवेदक द्वन्द्व पीडितहरू मध्ये दुवै खुट्टा गुमाएकालाई पहिलो प्राथमिकता, दुवै हात गुमाएका वा दुवै खुट्टा रहे पनि ती खुट्टाले काम नगरी ह्वील चियर प्रयोग गर्नेलाई दोस्रो प्राथमिकता, एउटा खुट्टा र एउटा हात गुमाएका वा एउटामात्र खुट्टा गुमाएकालाई तेस्रो प्राथमिकता र एउटामात्र हात गुमाएकालाई अन्तिम प्राथमिकता दिइने छ।



मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानुन मन्त्रालय
हेटौंडा, नेपाल

(ग) चालु वर्ष दोहोरो सुविधा नलिएको तथा विगतमा यस्तै सुविधा नलिएका भनी स्वघोषणा गराई कृतिम अंग प्रदान गरिने छ।

४. <u>लाभग्राही छनौट प्रकृया</u>ः कृतिम अङ्ग वितरणको लागि आवेदन आव्ह्यान तथा आवेदकहरु मध्ये योग्य लाभग्राही छनौट गर्दा अवलम्बन गरिने प्रकृया देहायबमोजिम हुनेछः-

(क) कार्यक्रमका लक्षित व्याक्तिहरुलाई अनुसूची-१ बमोजिमको निवेदन पेश गर्न कम्तीमा १० दिनको समय दिई राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशित गरि आवेदन माग गरिने छ। सो को सूचना मन्त्रालयको वेवसाईटमार्फत समेत जानकारीका लागि प्रकाशित गरिनेछ।

(ख) निवेदकले पेश गरेका प्रमाणको आधारमा दफा ५ बमोजिमको छनौट समितिले दफा ३ बमोजिमका आधारमा लाभग्राही छनौट गरी मन्त्रालयमा सिफारिस गरीनेछ।

५. <u>लाभग्राही छनौट समिति</u> (१) दफा ३ बमोजिम प्राथमिकताक्रमको आधारमा लाभग्राही छनौट गरी निजलाई दिइने अङ्ग निर्धारण गर्न देहाय बमोजिम लाभग्राही छनौट समिति रहनेछः-

(क) शान्ति सुरक्षा महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -संयोजक

(ख) कानून अधिकृत, आन्तरिक मामिला तथा कानुन मन्त्राल -सदस्य

(ग) अधिकृत प्रतिनिधि, सामाजिक विकास मन्त्रालय -सदस्य

(घ) प्राविधिक प्रतिनिधि, अपाङ्ग सरोकार केन्द्र -सदस्य

(ङ) शाखा प्रमुख, शान्ति सुरक्षा शाखा, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य सचिव

६. <u>कृतिम अङ्ग खरिद गरिनेः</u> स्वीकृत बजेटको सीमाभित्र रही सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिमको प्रक्रिया अवलम्बन गरी कृतिम अंग खरिद गरिने छ। खरिद गरिने कृतिम अंग WHO Standard बमोजिमको हुने छ।

७. <u>कृतिम अङ्ग वितरण गरिनेः</u> मन्त्रालय वा मन्त्रालयले तोकेको स्थानबाट कृतिम अंग वितरण गर्ने व्यस्था मिलाईनेछ।

८. <u>कारबाही गरिनेः</u> मन्त्रालयबाट वितरण भएको कृतिम अङ्ग जसलाई वितरण गरिएको हो, उसैले उद्देश्यपूर्ण ढङ्गले उपयोग तथा हिफाजत गर्नुपर्नेछ। वितरित कृतिम अङ्गको दुरुपयोग गरेको, अन्यत्र बेचबिखन गरेको वा अन्य कुनै किसिमले नष्ट गरेको पाईएमा मन्त्रालयले ती व्यक्तिहरुलाई उक्त कृतिम अङ्गको खरिद मूल्य बराबर जरिवाना गर्न सक्ने छ।

९. <u>बाधा अड्काउ फुकाउन सकिनेः</u> यस मापदण्ड वा सो मा उल्लेख भए बाहेकका विषयमा कुनै कठिनाई उत्पन्न भएमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

मा. सुरज चन्द्र लामिछाने
मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची- १

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## कृतिम अङ्ग सहायता लिन चाहने व्यक्तिले दिने निवेदनको ढाँचा

यस मन्त्रालयबाट .......... कार्यक्रम अन्तर्गत कृतिम अङ्ग सहायताको लागि मिति .... को पत्रिकामा भएको सूचना वमोजिम ............अङ्ग पाउनको लागि ईच्छुक भएकोले देहाय बमोजिमको विवरण संलग्न गरी यो निवेदन पेस गरेको छु।

नामः

ठेगानाः

द्वन्द पीडितको प्रकार र प्रमाण कागजातः

कुन मिति/वर्षमा कुन स्थानमा द्वन्द्वमा परेको हो सोको विवरणः

लिन चाहेको कृतिम अङ्गः

चालु आ.व.मा यसै प्रकृतिको कृतिम अङ्ग नलिएको स्वघोषणाः

विगत वर्षमा यसै प्रकृतिको कृतिम अङ्ग नलिएको स्वघोषणाः

निवेदनसँग सलग्न गर्नु पर्ने कागजातहरु

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) जिल्ला प्रशासन कार्यालयबाट सूचीकृत भएको व्यहोरा खुल्ने काजात,

(ग) आवश्यक भएमा सम्बन्धित स्थानीय तहको सिफारिस।,

(घ) सम्पर्क न. :

छाप/हस्ताक्षर र मितिः ...............................

मा. सुरज चन्द्र लामिछाने
मन्त्री